# आरुघाट गाउँपालिका

## स्थानीय राजपत्र

**भाग-२** **खण्ड: ६** **संख्या :२**

**पारित भएको मिति: २०८१/०७/१३**

**प्रकाशन मिति: २०८१/०७/१४**

# आरुघाट गाउँपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८१

## आरुघाट गाउँपालिका, गोरखा

# आरुघाट गाउँपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८१

**प्रस्तावनाः**

आरुघाट गाउँपालिकाभित्र उत्सर्जन/उत्पादन हुने फोहोरमैलाको व्यवस्थित, भरपर्दो र प्रभावकारी व्यवस्थापन गरी स्वच्छ, सफा र सुन्दर गाउँपालिका बनाउनका लागी आरुघाट गाउँकार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(१) बमोजिम फोहोर मैला व्यवस्थापन कार्यविधि, २०८१ बनाई लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधिको नाम **आरुघाट गाउँपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि २०८१**, रहेको छ ।

२. यो कार्यविधि आरुघाट गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** (१) विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१) 'संविधान' भन्नाले नेपालको संविधान, २०७२ सम्झनु पर्दछ ।

२) 'स्थानीय तह' भन्नाले नेपालको सविधानको धारा ५६ को उपधारा ४ बमोजिमको गाउँपालिका सम्झनु पर्दछ।

३) 'कार्यपालिका' भन्नाले आरुघाट गाउँकार्यपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

४) 'ऐन' भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

५) (ड) 'अध्यक्ष' भन्नाले आरुघाट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

६) ‘उपध्यक्ष भन्नाले आरुघाट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

७) 'प्रमुख प्रशासकिय अधिकृत' भन्नाले आरुघाट गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ।

८) 'गाउँपालिका' भन्नाले आरुघाट गाउँपालिकालाई सम्झनु पर्दछ ।

९) 'कार्यविधि' भन्नाले फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८१ लाई सम्झनु पर्दछ ।

१०) 'फोहोरमैला' भन्नाले घरेलु फोहोरमैला औझोगिक फोहोरमैला रसायनिक फोहोरमैला स्वास्थ्य संस्थाबाट निकल्ने फोहोरमैला वा हानिकारक फोहोरमैला सम्झनु पर्दछ र यस शब्दले प्रयोगमा नआउने वा फालिएका सडे गलेका वा वातावरण प्रदुषण गराउनका खालका बस्तुलाई जनाउदछ ।

११) 'संकलन' भन्नाले घर घरबाट निस्कने फोहोरलाई फोहोरमैला व्यवस्थापन केन्द्रमा लैजानका लागि जम्मा गरिने कार्यलाई सम्झनु पर्दछ ।

१२) 'निष्काशन' भन्नाले फोहोरमैला उत्पादन स्थलबाट गाउँपालिकाले फोहोर व्यवस्थापनका लागी तोकेको स्थानमा लैजाने कार्यलाई सम्झनु पर्दछ ।

१३) 'वडा समिति' भन्नाले आरुघाट गाउँपालिकाका सबै वडा समितिलाई सम्झनु पर्दछ ।

१४) 'समिति' भन्नाले फोहोरमैला व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

१५) 'सामुदायिक संस्था' भन्नाले नाफाको भावना नराखी समुदायको हितका लागि कार्य गर्नका प्रचलित कानून बमोजिम दर्ता भएका टोल विकास संस्था उपभोक्ता समिति र अन्य गैरसरकारी संस्थालाई सम्झनु पर्दछ ।

## फोहोरमैलाको व्यवस्थापन र समितिको गठनः

### ३. फोहोरमैलाको व्यवस्थापनः

(१) आरुघाट गाउँपालिका भित्र उत्पादन हुने सम्पूर्ण खालका फोहोरमैलाको संकलन त्यसको निष्काशन लगायत फोहोरमैलाको व्यवस्थापन गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम फोहोरमैलाको व्यवस्थापन गर्दा गाउँपालिकाले सामुदायिक संस्था, टोल विकास समिति, आमा समूह, युवा क्लब लगायतका सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको साझेदारी र सहभागिता र प्रतिष्पर्धाका आधारमा गर्ने व्यवस्था मिलाउने छ ।

(३) गाउँपालिकाले उपदफा (२) बमोजिम सामुदायिक संस्थाहरुको साझेदारीका आधारमा फोहोरमैलाको व्यवस्थापन गर्दा त्यस्ता संस्थाहरु संग सम्झौता गरी गर्ने व्यवस्था मिलाउने छ ।

(४) उपदफा (२) बमोजिम सरकारी तथा गैर सरकारी संघ संस्थाको सहभागितामा गरिने सम्झौताको नमूना अनुसुची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाले आवश्यकता अनुसार फोहोरमैला व्यवस्थापन गर्ने कार्य टोल विकास समिति मार्फत गराउने व्यवस्था मिलाउन सक्नेछ ।

## फोहोरमैला व्यवस्थापन समिति र समितिको काम, कर्तव्य र अधिकारः

(६) गाउँपालिकाले उपदफा (१), (२) र (३) बमोजिम फोहोरमैलाको व्यवस्थापन गर्नका लागि देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी फोहोरमैला व्यवस्थापन समिति गरिनेछ ।

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | -अध्यक्ष |
| ख. गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| ग. सम्बन्धित वडाको वडा अध्यक्ष | - सदस्य |
| घ. कार्यपालिकाले मनोनयन गरेको कार्यपालिका सदस्य १ जना | - सदस्य |
| ङ. प्रमुख प्रशासकिय अधिकृत | -सदस्य |
| च. गोरखा उद्योग बाणिज्य संघ आरुघाट इकाईको अध्यक्ष/प्रतिनिधि | - सदस्य |
| छ. वातावरणको क्षेत्रमा अनुभव भएको १ जना गाउँपालिकावासी | -सदस्य |
| ज. प्राविधिक/स्वास्थ्य/योजना शाखा प्रमुख, आरुघाट गा.पा | -सदस्य |

(७) उपदफा (६) बमोजिम फोहोरमैला व्यवस्थापनका लागि गठन हुने समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) फोहोरमैला व्यवस्थापनका लागि अल्पकालिन तथा दीर्घकालिन योजनाको तर्जुमा गर्ने,

(ख) गाउँपालिका क्षेत्रमा उत्पादन हुने फोहोरमैला व्यवस्थापनको अनुगमन मूल्यांकन र समिक्षा गर्ने,

(ग) फोहोरमैला व्यवस्थापन र पूर्ण सरसफाई गाउँपालिका बनाउनका लागि अभियान मुलक जनचेतनामुलक कार्यक्रम संचालन गर्ने,

(घ) फोहोरमैला व्यवस्थापनका लागी वातावरण ऐन तथा नियमावली र यससँग सम्बन्धित अन्य प्रचलित कानूनहरुको अधिनमा रही गाउँक्षेत्रको फोहोरमैला व्यवस्थापन गर्ने व्यवस्था मिलाउने,

(ङ) गाउँ क्षेत्रमा उत्पादन हुने फोहोरलाई उत्पादन स्थलमा (स्रोतमा) वर्गीकरण गरी संकलन गर्ने/गराउने व्यवस्था मिलाउने,

(च) गाउँपालिका क्षेत्रमा उत्पादन हुने फोहोरलाई घटाउने पुन प्रयोग गर्ने र RECYCLE गर्ने व्यवस्था मिलाउने,

(छ) गाउँपालिकाले फोहोर व्यवस्थापनका लागि तोकेको क्षेत्रमा पार्क उद्यान लगायतका हरियाली क्षेत्रको विकास गर्ने व्यवस्था मिलाउने,

(ज) फोहोर मैला व्यवस्थापनका लागि सरकारी, गैरसरकारी, सामुदायिक तथा निजी क्षेत्रहरुको साझेदारी र सहभागिता जुटाउने,

(झ) फोहोरमैला व्यवस्थापनका क्षेत्रमा आउने समस्याहरुको समाधान गरी व्यवस्थितरुपमा फोहोरमैला व्यवस्थापन गर्ने व्यवस्था मिलाउने,

(ञ) फोहोरमैला व्यवस्थापनका लागि आवश्यक ऐन कानून तथा नीति नियमहरुको तर्जुमा गर्ने,

(ट) फोहोरमैला व्यवस्थापनको लागि आवश्यक पर्ने साधन स्रोतको पहिचान, संकलित श्रोतको परिचालन गर्ने व्यवस्था मिलाउने,

(ठ) फोहोरमैला व्यवस्थापनका लागि आवश्यक जनशक्तिको व्यवस्था गर्ने,

(ड) फोहोरमैला व्यवस्थापनका लागि भैपरी आउने सम्पुर्ण कार्यहरु गर्ने, गराउने ।

**४. फोहोरमैलाको उत्पादनः**

(१) कुनै पनि आरुघाटबासी तथा उद्योग व्यवसायमा संलग्न पदाधिकारी, अस्पताल वा क्लिनिकहरुले कार्यसम्पादन गर्दा सकेसम्म कम फोहोर उत्पादन हुने गरी गर्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिम फोहोर उत्पादन गर्ने व्यक्ति वा संघसंस्थाले आफुले उत्पादन गरेको फोहोर मध्ये आफैले पुनः प्रयोग वा पुनः प्रशोधन गर्ने फोहोरको आफै व्यवस्थापन गर्ने व्यवस्था मिलाइ फोहोर कम गर्ने उपाय अपनाउनु पर्नेछ र आफुले पुनः प्रयोग वा पुनः प्रशोधन गर्न नसक्ने फोहोरमैला मात्र विसर्जनका लागि गाउँपालिकाले व्यवस्था गरे अनुसार गर्नु गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम उत्पादन भएको फोहोर अलग अलगरुपमा पृथ्थकीकरण गरी वातावरणमा प्रतिकुल प्रभाव नपार्ने र नकुहिने खालका फोहोरहरुको विक्रि वितरण गर्ने कार्य सकेसम्म उत्पादक स्वयले मिलाउनु पर्नेछ । यसरी उत्पादक स्वयले बिक्रि वितरण गर्ने कार्यमा सम्पूर्ण बजारबासीहरुलाई गाउँपालिकाले आवश्यक सहयोग गर्नेछ ।

(४) उपदफा (१) बमोजिम फोहोर उत्पादन गर्ने व्यक्ति वा संघसंस्थाले जथाभावी फोहोर उत्पादन गर्ने वा विसर्जन गरेमा त्यस्ता व्यक्ति वा संघसंस्थालाई प्रचलित कानुन वमोजिम कडा कारवाही गरिनेछ ।

**५. फोहोरमैलाको पृथकीकरण गर्नेः**

(१) यस कार्यविधिको दफा ४ को उपदफा (१) बमोजिम फोहोर उत्पादन गर्ने व्यक्ति वा संघसंस्थाले आफुले उत्पादन गरेको फोहोरलाई कुहिने वा नकुहिने, पुन प्रयोग गर्न सकिने वा नसकिने, जैविक वा अजैविक र अन्य कुनै प्रकारबाट स्रोतमा नै छुट्टाउने/पृथकीरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छुट्टाइएको फोहोरको विसर्जन गरी गाउँपालिकाले उपलब्ध गराएको आवश्यक प्रविधि/सामान/उपकरण वा कन्टेनरको मार्फत फोहोरमैला व्यवस्थापन केन्द्रसम्म केन्द्र लैजाने कार्यमा आवश्यक सहयोग गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम आफुले उत्पादन गरेको फोहोर पृथकीकरण नगर्ने उत्पादकहरुको फोहोर गाउँपालिकाले उठाउने छैन र फोहोरको पृथकीकरणमा असहयोग गर्ने उत्पादकलाई प्रचलित कानून बमोजिम कारवाही गरी गाउँपालिकाका बाट उपलब्ध गराउने सेवाहरु समेत उपलब्ध गराइनेछैन।

**६. फोहोरमैलाको निष्काशनः**

(१) गाउँपालिका क्षेत्रभित्र उत्पादन हुने फोहोरमैला निष्काशनको समय स्थान विधि र प्रक्रिया गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले तोकेको विधि र प्रक्रिया बमोजिम फोहोर निष्काशन गर्ने कार्यमा सहयोग गर्नु प्रत्येक गाउँपालिकावासीको जिम्मेवारी र दायित्व हुनेछ ।
(३) गाउँपालिकाले उपदफा (१) बमोजिम फोहोरमैलाको व्यवस्थित निष्काशनका लागि कुन टोल वा क्षेत्रमा कुन मिति वा समयमा कुन कुन किसिमको फोहोर संकलन गरी निष्काशन गर्ने समय तालिका तयार गरी प्रकाशित गर्नेछ र त्यस्तो समय तालिका पालना गर्नु प्रत्येक गाउँपालिकाबासीको दायित्व हुनेछ ।
(४) उपदफा (३) बमोजिमको समयतालिका तयार गरी कार्यान्वयन गर्दा गाउँपालिकाले सबै गाउँपालिका बासीलाई पायक पर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

**७. फोहोरमैलाको ढुवानी व्यवस्था:** (१) गाउँपालिका भित्र उत्पादन भएको फोहोरमैलाको संकलन गरी व्यवस्थापन केन्द्रसम्म लैजानका लागि आवश्यक संकलन र ढुवानी गर्ने व्यवस्था गाउँपालिका आफै वा संघसंस्था मार्फत मिलाउनु पर्नेछ। तर गाउँपालिकाले तोके बमोजिमको पृथकीकरण नगरिएको गाउँपालिका बासीको फोहोरको संकलन र ढुवानी गर्नका लागि गाउँपालिका बाध्य हुने छैन ।
(२) उपदफा (१) बमोजिमको फोहोरको संकलन र ढुवानी गर्दा पृथक गरिएको फोहोर पृथक पृथक समय र मितिमा अलग अलग रुपमा गरिनेछ ।

**८. फोहोरमैला व्यवस्थापन केन्द्र:** (१) गाउँपालिका भित्र उत्पादन हुने फोहोरमैलाको व्यवस्थापनका आवश्यक पर्ने फोहोरमैला व्यवस्थापन केन्द्र गाउँपालिकाका क्षेत्र भित्र रहेको उपयुक्त स्थानमा गर्ने व्यवस्था गाउँपालिकाले मिलाउनु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने जग्गा गाउँपालिकाले खरिद गरेको वा भाडामा लिई व्यवस्था गर्न सक्नेछ ।
(३) गाउँपालिकाले उपदफा (१) बमोजिमको फोहोरमैला व्यवस्थापन केन्द्र बजारक्षेत्र आवश्यकता अनुसार एक वा एक भन्दा बढी स्थानमा तोक्न सक्नेछ ।
(४) उपदफा (१) बमोजिमको फोहोरमैला व्यवस्थापन केन्द्रको व्यवस्था गर्दा सकेसम्म सम्बन्धित क्षेत्रमा बसोबास गर्ने नागरिक र वातावरणीय प्रभाव न्यूनीकरण गर्ने उपायको अबलम्बन गर्ने गरी गर्नु पर्नेछ ।
(५) उपदफा (१) बमोजिम तोकिएको फोहोरमैला व्यवस्थापन केन्द्रमा काम गर्ने जनशक्तिको नियुक्ती र फोहोरमैला व्यवस्थापन केन्द्रबाट हुने लाभको वितरण गर्दा सम्बन्धित क्षेत्रका बासिन्दा र क्षेत्रलाई पहिलो प्राथमिकता दिइनेछ ।
(६) गाउँपालिकाले उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन केन्द्रको व्यवस्थापन गर्दा आवश्यकता अनुसार संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा गर्न सकिनेछ ।
(७) उपदफा (१) बमोजिमको फोहोरमैला केन्द्र वरीपरिको क्षेत्रमा वातावरणीय प्रभावलाई न्युनीकरण गर्नका लागि मानव तथा पशुपन्छीको अनाधिकृत प्रवेश वा ढुगा गिट्टी बालुवाको उत्खनन्लाई आवश्यकता अनुसार प्रतिवन्ध लगाउन सकिनेछ ।
(८) उपदफा (१) बमोजिमको फोहोरमैला व्यवस्थापन केन्द्रको व्यवस्थापन लगायतका कार्य गर्नका लागि निजीक्षेत्रवाट माग भएमा वातावरणिय प्रभाव र प्रचलित कानूनको अधिनमा रही गाउँपालिकाले अनुमति दिन सक्नेछ ।
(९) उपदफा (१) बमोजिम गाउँपालिकाले तोकेको फोहोरमैला व्यवस्थापन केन्द्रको अल्पकालिन, मध्यकालिन र दिर्घकालिन योजना बनाई गाउँपालिकाको आर्थिक क्षमताको आधारमा क्रमश अगाडी वढाउनेछ ।

(१०) उपदफा (१) बमोजिम गाउँपालिकाले फोहोरमैला व्यवस्थापनका लागि तोकिएको स्थानमा फोहोरमैला व्यवस्थापन गर्दा सम्बन्धित क्षेत्रको वासिन्दाहरुको आवश्यक सल्लाह, स्थानमा सुझाव, सहभागिता र समन्वयमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(११) उपदफा (१) बमोजिम तोकिएको फोहोरमैला व्यवस्थापन केन्द्रमा संकलन गरिएको फोहोरमैलाबाट वातावरणमा प्रतिकुल असर नपर्ने प्रविधिको प्रयोग गरी त्यस क्षेत्रमा आवश्यक दुर्गन्ध नफैलिने व्यवस्था गर्नुपर्नेछ। तर निजीक्षेत्रलाई व्यवस्थापन केन्द्रको अनुमती दिएकोमा वातावरणीय मापदण्ड बमोजिम रहे नरहेको विषयमा गाउँपालिकाले आवश्यकता अनुसार अनुगमन गर्नेछ।

**९. सामुदायिक संस्था वा निजी क्षेत्रसँगको सहकार्यमा फोहोरमैलाको व्यवस्थापन गर्न सकिनेः** (१) यस कार्यविधि बमोजिम उत्पादन हुने फोहोरको पृथकीकरण गर्न, पृथकीकरण गरिएको फोहोरको संकलन गरी गाउँपालिकाले तोके बमोजिमको व्यवस्थापन केन्द्रमा फोहोर लैजान, गाउँसभा/गाउँ कार्यपालिकाले तोके बमोजिम फोहोरमैला शुल्क उठाउन, फोहोरमैला व्यवस्थापनका लागि आवश्यक जनचेतना लगायतका कार्यक्रमको संचालनका लागि सामुदायिक संस्था, फर्म मार्फत कार्य गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सहकार्य गर्दा कुन संस्थासँग के कति समयका लागि कुन कार्य के कसरी गर्ने लगायतका स्पष्ट शर्तहरु तयार गरी गाउँपालिका र सम्बन्धित संस्थासँग सिधै सम्झौता गरी वा प्रतिस्पर्धाका आधारमा गर्न सकिनेछ।

**१०. फोहोरमैला व्यवस्थापन शुल्कः** (१) गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्र उत्पादन भएको फोहोर व्यवस्थापन गरे वापत गाउँसभा/गाउँ कार्यपालिकाबाट तोकिए बमोजिमको शुल्क उठाउने छ। फोहोरमैला व्यवस्थापन वापतको शुल्क अनुसूची -२ वमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको फोहोरमैला व्यवस्थापन शुल्क निर्धारण गर्दा फोहोरमैलाको तौल, फोहोरबाट मानव स्वास्थ्य तथा वातावरण पर्ने सक्ने असर, फोहोरमैलाको ढुवानी र तोकिए बमोजिमका अन्य मापदण्डका आधारमा गरिनेछ।

(३) उपदफा (१) बमोजिमको शुल्क गाउँपालिका आफैले वा सम्झौता अनुसार गाउँपालिकाले तोकेको सामुदायिक संघ संस्था वा निजी क्षेत्र मार्फत उठाइनेछ।

**११. सेवा निलम्बन गर्न सकिनेः** (१) गाउँपालिकाद्धारा हुने फोहोरमैला व्यवस्थापनको कार्यमा सहयोग गर्नु प्रत्येक गाउँपालिकाबासीको दायित्व र जिम्मेवारी हुनेछ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन गर्ने कार्यमा विरोध गर्ने वा फोहोरमैला शुल्क नबुझाउने सेवाग्राहीलाई फोहोरमैला सम्वन्धि सेवा तत्काल निलम्बन गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम सेवा निलम्बन भएको व्यक्तिले आफुले उत्पादन गरेको फोहोर आफैले व्यवस्थापन गर्नु पर्नेछ।

(४) फोहोरमैला व्यवस्थापनका लागि दफा १० को उपदफा (१) बमोजिम गाउँसभा/गाउँ कार्यपालिकाबाट तोकिएको शुल्क एक वर्षसम्म नबुझाउने गाउँपालिका बासीलाई गाउँपालिकाबाट प्रदान गरिने सेवा उपलब्ध गराइनेछैन।

**१२. कसुर तथा दण्ड सजायः** (१) यस कार्यविधिमा उल्लेख भए बमोजिम फोहोरमैला व्यवस्थापनको कार्यमा असहयोग गरेमा वा कार्यविधिको उल्लघन गरेमा त्यस्तो फोहोरमैला उत्पादकलाई प्रचलित कानून बमोजिम कसुर अनुसारको दण्ड सजाय गरिनेछ।

**१३. फोहोरमैलाको विक्री वितरणः** (१) गाउँपालिकाले फोहोर व्यवस्थापन केन्द्रमा संकलन गरेको फोहोरलाई नियमितरुपमा विक्री वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विक्रि वितरण गर्नका फोहोरको वर्गीकरण गरी त्यसको न्युनतम मुल्य गाउँपालिकाद्धारा निर्धारण गरे बमोजिम हुनेछ।

**१४. विविधः** (१) यस कार्यविधि अनुसार फोहरमैला व्यवस्थापनका लागि गाउँपालिकाले आरुघाट भित्र रहेको सरकारी निकाय, बैंक, वित्तिय संस्था, अस्पताल, संघसंस्थालाई आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ। त्यस्तो निर्देशन/आदेश पालना गर्नु सम्बन्धित संस्थाको दायित्व हुनेछ।

**१५. कार्यविधिमा संशोधनः** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै खालको समस्या आएमा वा संशोधन गर्नु परेमा कार्यापालिकाको निर्णयानुसार हुनेछ।

## अनुसुची- १
## सम्झौताको नमूना

आरुघाट गाउँपालिका (यस पछि पहिलो पक्ष भनिने)र ……………………………………..पछि दोस्रो पक्ष भनिने) आरुघाट गाउँपालिकाको संस्था/समिति विचमा (यस…………… देखी…………… सम्मको स्थानमा उत्पादन हुने फोहोरमैलाको व्यवस्थापन देहायका शर्तहरुको अधिनमा रही गर्ने/गराउने गरी यो सम्झौता गरिएको छ ।

क. ……………स्थान देखी…………… स्थान सम्मको क्षेत्रमा उत्पादन हुने फोहोरमैलाको गाउँपालिकाले तोके बमोजिम अलग अलग रुपमा छुटाई त्यसको घर घरमा व्यवस्थित रुपमा स्टोर गर्न लगाउने जिम्मेवारी दोश्रो पक्ष हुनेछ ।

ख. घर घर व्यवस्थित रुपमा जम्मा भएको फोहोरमैला फोहोरमैला व्यवस्थापन केन्द्र सम्म लैजाने कार्य दोश्रो पक्षको हुनेछ ।

ग. गाउँपालिकाले फोहोर व्यवस्थापनका लागि आवश्यक ल्याण्डफिल्ड साइड उपलब्ध गराउने छ। गाउँपालिकाले उपलब्ध गराएको ल्याण्डफिल्ड साइड बाहेक अन्य निजि जग्गामा फोहोर विसर्जन गर्न चाहेमा मापदण्ड तथा सम्पूर्ण दायित्व आफैले व्यहोर्ने गरी दोस्तो पक्षले व्यवस्थापन गर्न सक्नेछ।

घ. आरुघाट गाउँसभा/गाउँकार्यपालिकावाट निर्णय भए अनुसारको फोहोरमैला व्यवस्थापन शुल्क उठाउने दायित्व दोश्रो पक्षको हुनेछ ।

ङ. सम्झौता वमोजिम दोस्रो पक्षले कवोल गरेको रकम सम्झौता गर्दाको वखत ५० % र बाँकि रकम सम्झौता अवधि भित्र पहिलो पक्षलाई उपलब्ध गराउनुपर्नेछ।

च. फोहोरमैला व्यवस्थापनका लागि गाउँपालिकाले उपलब्ध गराएका सामाग्रीको संरक्षण गर्ने जिम्मेवारी दोश्रो पक्षको हुनेछ।

छः सम्झौतामा उल्लेख भएका विषय सम्झौता अनुसार र उल्लेख नभएका विषय प्रचलित कानून अनुसार हुनेछ ।

| गाउँपालिकाको तर्फबाट | संस्थाको तर्फबाट |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| सम्पर्क नं. | सम्पर्क नं. |

अनुसूची-२

फोहोरमैला व्यवस्थापन शुल्क (मासिक)

| | | | |
|---|---|---|---|
| १ | एक परिवार वस्ने घर २.५ तला सम्म | १५०।- | |
| २ | एक परिवार वस्ने २.५ तलाभन्दा माथि प्रतितला थप | ५०।- | |
| ३ | एकभन्दा वढि घरपरिवार वस्ने घर (प्रति परिवार) | १००।- | |
| ४ | किराना(खुद्रा), कस्मेटिक, फेन्सी, लत्ताकपडा, पत्रिका लगायत अन्य पसल | १५०।- | |
| ५ | किराना(होलसेल), तरकारी, चिया, केक वेकरी, फलफुल तथा जुस पसल | २००।- | |
| ६ | सैलुन, व्यटिपार्लर, वर्क सप, औषधि पसल, होटल तथा रेष्टुरेन्ट(लज वाहेक) | २५०।- | |
| ७ | होटल लज सहित, मासु पसल,औषधि पसल(ल्याव सहित) | ३००।- | |
| ८ | वधशाला सहितको मासु पसल, वधशाला | ५००।- | |
| ९ | अस्पताल | १०००।- | |
| १० | वैक, सरकारी विद्यालय, निजि विद्यालय, क्याम्पस,वित्तीय संस्थाहरु, सहकारी, सरकारी कार्यालय | ५००।- | |

१. हप्तामा २ दिन फोहोर उठाउने कार्य गर्दा माथि उल्लेखित शुल्क लगाइनेछ। थप दिन फोहोर संकलन गर्न परेमा सोही वमोजिम थप शुल्क लाग्नेछ।

२. माथि उल्लेख गरिएका व्यवसाय तथा पसल वाहेक अन्य पसल तथा व्यवसायको फोहोर संकलन गर्दा उक्त व्यवसायको प्रकार, उत्सर्जन गर्ने फोहोरको मात्रा हेरी आपसी समझदारीमा शुल्क निर्धारण गर्न सकिनेछ।

३. अस्पतालको हकमा निर्मलीकरण गरिएका फोहोर मात्र संकलन तथा व्यवस्थापन गरिनेछ।

४. एकै स्थानमा व्यवसाय र वसोवास भएका व्यक्तिको हकमा व्यवसायको फोहोर व्यवस्थापन शुल्क मात्र लिईनेछ।

५. सार्वजनिक स्थलमा फोहोर फालेको पाईएमा एक पटकका लागि रु २०००।– जरिवाना र त्यस पश्चात प्रत्येक पटकमा रु ५०००।– का दरले जरिवाना लाग्नेछ।

आज्ञाले,

प्रमुख प्रशासकिय अधिकृत